# देवकोटा सन्देश

महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी

वर्ष : ५ | अङ्क: ८ | २०७५ श्रावण | **अर्धवार्षिक बुलेटिन**



## सम्पादन समिति

**संरक्षक**

कृष्णप्रसाद लामिछाने

(अध्यक्ष क्याम्पस संचालक समिति)

**सल्लाहकार**

(माननिय विधायक) बैजनाथ चौधरी

मा.स. देवेन्द्रराज कण्डेल

विष्णुप्रसाद पौडेल

अर्जुनकुमार पोखरेल

भिमबहादुर थापा

उमानाथ पोखरेल

ठाकुरप्रसाद घिमिरे

बोधराज घिमिरे

**क्याम्पस प्रमुख**

नारायण प्रसाद ढकाल

**सम्पादक**

हरिदत्त शर्मा

**सह–सम्पादक**

प्रकाश जि.सी.

**प्रकाशक**

महाकवि देवकोटा क्याम्पस

सुनवल-४, नवलपरासी

फोन: ०७८-५७००४९

९८५७०४६०४९

**पत्राचार ठेगाना**

**महाकवि देवकोटा क्याम्पस**

सुनवल-४, नवलपरासी

फोन: ०७८-५७००४९

Email: mdcampus60@gmail.com

website:www.mdc.edu.np

**मुद्रण/ले-आउट सेटिङ्ग**

**Perfect Print Link**

Butwal, Rupandehi (9847137095)

Perfectprintlink@gmail.com


## संयुक्त वैठक सम्पन्न

मिति २०७४/७/२७ गतेका दिन यस महाकवि देवकोटा क्याम्पसका संचालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा PRT follow up visit मा आउनुभएका PRT follow up team का पदाधिकारीहरु, क्याम्पस संचालक समितिका पदाधिकारी साथै क्याम्पस सल्लाहकार समितिका पदाधिकारीहरुको संयुक्त वैठक सम्पन्न भएको छ । QAA प्रक्रिया अन्तर्गतको यो Follow up visit मा PRT visit सम्पन्न भएपछि उक्त PRT Team द्वारा दिईएका सल्लाह सुझाव कति हदसम्म पूरा गरिएको छ भन्ने कुराको निरिक्षण हुने र यसैका आधारमा क्याम्पसले QAA प्राप्त गर्ने गर्दछ । उक्त वैठकमा PRT संयोजक प्रा.डा. इश्वरप्रसाद उपाध्याय, QAA Director डा. श्यामप्रसाद लोहनी, क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने सुनवल नगरपालिकाका नगर-उपप्रमुख दधिराम अर्याल क्याम्पस संचालक समितिका पदाधिकारी, क्याम्पस सल्लाहकार समितिका पदाधिकारी गरि जम्मा २१ जनाको उपस्थिति रहेको थियो । क्याम्पस प्रमुखको कार्यकक्षमा सम्पन्न सो वैठकमा QAA Director डा. श्यामप्रसाद लोहनीले एक महिना अघि र एक महिना पछि क्याम्पसमा थुप्रै सुधारहरु देखिएको जसले गर्दा क्याम्पस QAA प्राप्तिको निकै नजिक रहेको कुरा उल्लेख गर्नुभयो । साथै Director लोहनीले यस्तै सुधार निरन्तररुपमा हुँदै जाओस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।

सो वैठकमा PRT संयोजक प्रा. डा. ईश्वरप्रसाद उपाध्यायले एक महिना अघि PRT Team ले दिएका सुझावहरु मध्ये करिव ८० प्रतिशत सुझाव क्याम्पसले सम्बोधन गरिसकेको र बाँकी को प्रक्रिया शुरु भैसकेको जानकारी पाउँदा निकै खुसी लागेको बताउँदै सम्पूर्ण सरोकारवालालाई धन्यवाद दिनुभयो । साथै क्याम्पसले QAA नपाउने कुनै आधार नभएको समेत जानकारी दिनुभयो । उक्त वैठकमा अन्य बिभिन्न वक्ताहरुले आफ्ना गहन सुझाव र सल्लाह प्रदान गर्नुभएको थियो । वैठक समापनको अवसरमा बोल्दै क्याम्पस संचालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेले QAA प्रक्रियामा आफूलाई साथ र सल्लाह दिनुहुने सम्पूर्णलाई धन्यवाद दिनुभयो । साथै क्याम्पसले QAA प्राप्त गर्ने कुरामा विश्वस्त हुँदै PRT Team र Follow up Team दुबैलाई धन्यवाद दिनुभयो ।




मिति २०७४/०७/१७ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखा तथा विद्यार्थी परामर्श शाखाको संयुक्त आयोजना साथै क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको

**बाँकी २ पेजमा**

## अभिमुखीकरण .....

अध्यक्षतामा नेपाल सरकारका उपसचिव हेमराज अर्यालको प्रमुख प्रशिक्षकत्वमा यस क्याम्पसका विभिन्न संकायमा अध्ययन गर्ने विद्यार्थीहरुलाई लक्षित गरि एकदिने लोकसेवा तयारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएकोछ। लोकसेवा सम्बन्धि सैद्धान्तिक ज्ञान दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको अतिरिक्त क्रियाकलाप शाखाका प्रमुख बाबुराम बस्नेतले जानकारी दिनुभयो । हरिदत्त शर्माको संचालन र विद्यार्थी परामर्श शाखा संयोजक सूर्यप्रसाद ढकालको स्वागत मन्तव्यबाट औपचारिक रुपमा शुरु भएको सो कार्यक्रममा क्याम्पसमा अध्ययन गर्ने १४० बढी विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रम समापनको अवसरमा आफ्ना अनुभव मन्तव्य राख्दै शिक्षाशास्त्र संकायको प्रथम वर्षमा अध्ययनरत छात्रा चुना पाण्डेले यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको ज्ञानलाई अझै परिष्कृत गर्ने भएकोले यस्ता कार्यक्रमलाई नियमितता दिनुपर्ने भन्दै आजको कार्यक्रम पनि निकै उपयोगी भएको विचार व्यक्त गर्नुभयो । अर्का प्रशिक्षार्थी इन्दु के.सीले आजको तालिमले शिक्षकसेवा र लोकसेवा तयारीका लागि प्रशस्त ज्ञान प्रदान गरको विचार व्यक्त गर्नुभयो । कार्यक्रम समापनकै क्रममा प्रशिक्षक हेमराज अर्यालले विद्यार्थीहरु निकै अनुशासित रहेकोहुनाले धैरे विद्यार्थी भएपनि प्रशिक्षणमा कुनै समस्या नरहेको बताउँदै क्याम्पसले आफूलाई बोलाएर ज्ञान आदान-प्रदान गर्ने अवसर सिर्जना गरेकोमा धन्यवाद दिनुभयो । समापन मन्तव्य व्यक्तगर्दै सभाध्यक्ष लामिछानेले विद्यार्थीहरुको उल्लेख्य सहभागिताले विद्यार्थीहरुमा ज्ञान आर्जनको भोक रहेको प्रष्ट हुन्छ यस्तो भोकले विद्यार्थीहरुलाई लक्ष्यमा पुग्न सरल र सहज हुन्छ भन्ने विचार व्यक्त गर्नुभयो ।



## स्वागत तथा शुभकामना

मिति २०७४/०९/०३ गतेका दिन यस महाकवि देवकोटा क्याम्पसको आयोजनामा नवलपरासी पश्चिम क्षेत्र नं. २ का नवनिर्वाचित सांसद एवम् विधायकद्वयलाई स्वागत एवम् शुभकामना प्रदान गर्ने कार्यक्रम यसै क्याम्पसका क्याम्पस संचालक समिति अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षतामा सम्पन्न भएको छ।

नवनिर्वाचित जन प्रतिनिधिहरुलाई बधाई तथा सफलकार्यकालको शुभकामना प्रदान गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा प्रतिनिधि सभा सदस्य देवेन्द्रराज कण्डेल, प्रदेश नं. ५ का प्रदेश सभा सदस्य बैजनाथ चौधरी साथै क्याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल क्याम्पस संचालक समितिका सदस्य लगायत अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो । माननिय सांसद र विधायकद्वयलाई टिका खादा र पुष्प गुच्छा प्रदान गरी स्वागत गरिएको थियो । सो अवसरमा स्वागत तथा शुभकामना मन्तव्य व्यक्त गर्दै क्याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेलले माननिय द्वयलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै यहाँहरुको कार्यकाल क्याम्पसको विकासका दृष्टिले श्वर्णकाल बनोस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो । नवनिर्वाचित माननिय बिधायक .बैजनाथ चौधरीले यो क्याम्पस सुनवल क्षेत्रकै उदाहरणीय क्याम्पस रहेको र यस क्याम्पसको विकासको लागि आफ्नो व्यक्तिगत र प्रदेश नं. ५ को प्रदेश सभा सदस्यको तर्फबाट निरन्तर सहयोग गरिरहने विचार व्यक्त गर्नुभयो । माननिय सांसद देवेन्द्रराज कण्डेलले पनि क्याम्पसको चौतर्फी विकासको लागि हरदम लागिरहने विचार व्यक्त गर्नुभयो । समापन मन्तव्य व्यक्तगर्दै क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले यहाँहरुको सहयोगले नै यो क्याम्पस वर्तमान अवस्थामा आईपुगेको र यसलाई विकासका दृष्टिले अगाडि बडाउने दायित्व पनि यहाँहरुको नै हो भन्दै माननिय द्वयलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

# अभिमुखीकरण कार्यक्रम

मिति २०७४/११/२८ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको विद्यार्थी परामर्श शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा प्रजनन स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । विद्यार्थी परामर्श शाखाका संयोजक सूर्य प्रसाद ढकालको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा senior staff nurse अन्जली श्रेष्ठ प्रमुख प्रशिक्षक रहनु भएको थियो। क्याम्पसका विभिन्न सङ्कायमा अध्ययन गर्ने ५० बढी विद्यार्थीहरुको सहभागिता रहेको सो कार्यक्रममा प्रशिक्षक श्रेष्ठले प्रजनन स्वास्थ्य के हो ? प्रजनन स्वास्थ्य किन आवश्यक छ ? यसको के महत्व छ ? जस्ता विषयमा प्रष्ट पार्नु भएको थियो। साथै उहाँले प्रजनन स्वास्थ्य नपाउँदा देखिएका समस्याहरुको पनि चर्चा गर्नुभएको थियो।

तालिम समापनपछि आफ्ना अनुभव मन्तव्य प्रस्तुत गर्दै सहभागी विद्यार्थीले प्रजनन स्वास्थ्यको बारेमा बल्ल स्पष्ट भएको धारणा समेत व्यक्त गरे। समापनका क्रममा प्रशिक्षक श्रेष्ठले आयोजकले आफूलाई अवसर प्रदान गरेकोमा धन्यवाद दिदै तालिमले विद्यार्थीहरुलाई पक्कै पनि सहयोग गर्ने र प्रजनन स्वास्थ्य सम्बन्धि समस्या झेल्न नपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा समापन मन्तव्य व्यक्त गर्दै संयोजक ढकालले सहभागी विद्यार्थी र प्रशिक्षकलाई धन्यवाद दिँदै यस्ता जीवन उपयोगी कार्यक्रममा भाग लिएर ज्ञानको दायरा वृद्धि गर्दै आफू र आफू बसेको समाजलाई सहयोग पुऱ्याउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

# पदस्थापन कार्यक्रम

मिति २०७५/०२/९ गतेका दिन क्याम्पस प्रमुखको कार्यकक्षमा महाकवि देवकोटा क्याम्पसको आयोजनामा क्याम्पस प्रमुख तथा सहायक क्याम्पस प्रमुखको पदस्थापन कार्यक्रम क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा सम्पन्न भएको छ । मिति २०७५/२/४ गतेको क्याम्पस संचालक समितिको वैठकले सहायक क्याम्पस प्रमुख नारायणप्रसाद ढकाललाई क्याम्पस प्रमुखमा नियुक्त गरेको थियो, भने व्यवस्थापन संकाय प्रमुख प्रकाश जि.सी.लाई सहायक क्याम्पस प्रमुखमा नियुक्त गरेको थियो । उक्त कार्यक्रममा अध्यक्ष लामिछानेले नवनियुक्त क्याम्पस प्रमुख तथा सहायक क्याम्पस प्रमुखलाई नियुक्ति पत्र प्रदान गरी पदस्थापन गर्नु भएको थियो । पदस्थापन पछि क्याम्पस प्रमुख ढकालले जस्तो सुकै कठिन परिस्थितिमा पनि क्याम्पसको विकासमा लागि पर्ने साथै कुनै पनि किसिमका विभेद रहित भएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

क्याम्पसका शिक्षक तथा कर्मचारीको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा शिक्षक हरिदत्त शर्माको संचालन रहेको थियो । शुभकामना मन्तव्य व्यक्त गर्दै अध्यक्ष लामिछानेले क्याम्पसको चौतर्फी विकासको दृष्टिले यहाँहरुको कार्यकाल निकै फलदायी बनोस् भन्दै नवनियुक्त क्याम्पस प्रमुख तथा सहायक क्याम्पस प्रमुखलाई बधाई तथा शुभकामना दिनुभयो ।

## रेडक्रस पुर्नगठन

मिति २०७५/०२/२२ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अर्न्तगतको युवा रेडक्रस सर्कलको पुर्नगठन कार्यक्रम शिक्षक नायक ऋषि पोखरेलको अध्यक्षतामा सम्पन्न भएको छ । बि.बि.एस तर्फ अध्ययनरत छात्रा सन्देश कोइरालाको सहजीकरणमा १७ सदस्यिय कार्य समिति पुर्नगठन गरिएको थियो । पुर्नगठित सर्कलको अध्यक्षमा कमल खरेल, उपाध्यक्ष चुना पाण्डे, सचिव नविना श्रेष्ठ, सह सचिव सुरेन्द्र कुमार कोहार, कोषाध्यक्ष अनिल जि.सी. सदस्य संयाजक सन्देश कोईराला र अन्य सदस्य रहेका छन् ।

# स्वागत कार्यक्रम

मिति २०७५/१/३ गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयेजनामा क्याम्पस प्रमुखको कार्यकक्षमा यसै क्याम्पसका संचालक समिति अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षतामा प्रदेश नं. ५का प्रदेश सरकारका मुख्य सचिव शंङ्कर पाठक र मुख्य मन्त्री तथा मन्त्री परिषदका सदस्य दिपेन्द्र काफ्लेद्वयलाई स्वागत गर्ने कार्यक्रम सम्पन्न भएको छ। मुख्य सचिव तथा मन्त्री परिषदका सदस्यद्वयलाई क्याम्पस संचालक समितिका अध्यक्ष तथा निवर्तमान अध्यक्षद्वयले टिका तथा खादा प्रदान गरेर स्वागत गर्नुभएको थियो । उक्त स्वागत कार्यक्रममा आफ्ना संक्षिप्त भनाई राख्दै मुख्य सचिव पाठकले क्याम्पसको भौतिक पुर्वाधार राम्रो र शान्तवातावरण स्थापना भएको हुनाले अध्ययनको लागि उपयोगी हुने विचार व्यक्त गदै QAA प्राप्त यो क्याम्पसलाई आफूले सक्दो सहयोग गर्ने बचनबद्धता व्यक्त गर्नुभयो । सो अवसरमा सभाध्यक्ष लामिछानेले कार्यक्रममा उपस्थित हुनुभएकोमा मुख्य सचिव पाठक र मन्त्री परिषद सदस्य काफ्लेलाई क्याम्पसमा आउनुभएकोमा धन्यवाद दिँदै प्रदेश सरकारले क्याम्पसलाई सहयोग गरोस् भन्ने चाहना व्यक्त गर्नुभयो ।

# व्यावहारिक लेखन कार्यशाला

मिति २०७५/०२/१३ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखा तथा विद्यार्थी परामर्श शाखाको संयुक्त आयोजनामा एक दिने आधारभूत प्राज्ञिक लेखन कार्यशाला सम्पन्न भएको छ । अतिरिक्त क्रियाकलाप शाखा संयोजक बाबुराम बस्नेतको अध्यक्षतामा संचालन भएको सो कार्यशालाका प्रमुख प्रशिक्षक पदम पाण्डे रहनुभएका थियो।

**बाँकी ४ पेजमा**

# कविता वाचन कार्यक्रम

मिति २०७४/११/६ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजना साथै यसै शाखाका संयोजक बाबुराम बस्नेतको अध्यक्षतामा कवि सुरेश सत्यालको प्रमुख आतिथ्यतामा एकल कविता वाचन कार्यक्रम सम्पन्न भएको छ।

शिक्षक हरिदत्त शर्माको संचालन अनि ऋषि पोखरेलको स्वागत मन्तव्यबाट शुरुभएको सो कविता वाचन कार्यक्रम विद्यार्थीहरुलाई साहित्य प्रति आकर्षित गराउने उद्देश्यले आयोजना गरेको आयोजक शाखाले जनाएको छ । क्याम्पसमा अध्ययन गर्ने विभिन्न संकायका ५० बढी विद्यार्थीको सहभागिता रहेको सो कविता वाचन कार्यक्रममा समसामयिक युगका समसामयिक विषयमा छन्दोबद्ध कविता रचना गर्ने कवि सुरेश सत्यालले फर्केर आउ घर, ताली नवजाउ अव जस्ता मर्म स्पर्शी कविता वाचन गर्नुभएको थियो । आफ्नो मातृभूमिमा नै सुन फलाउन सक्ने दक्ष, युवा शक्ति विदेशिएको वर्तमान जल्दो बल्दो विषयमा रचना गरिएको फर्केर आउ घर शिर्षकको कविता वाचन गर्दा विद्यार्थी मन्त्रमुग्ध भएर ताली बजाएका थिए। भने कतिका आँखा रसाएका थिए।

आफ्नै मातृभूमिमा फर्किएर माता र मातृभूमिको ऋण तिर्नु पर्ने सन्देश बोकेको उक्त कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको थियो। छन्दमा कविता रचना गर्न जटिल हुने भएतापनि सत्यालले छन्दमा नै कविता रचना गरेर राष्ट्रिय स्तरमा ख्याती कमाएका छन् । समापनको अवसरमा बोल्दै सभाध्यक्ष बस्नेतले आफ्नो सानो आग्रहलाई स्वीकार गरी कार्यक्रममा उपस्थित हुनुभएका कवि शुरेस सत्याललाई धन्यवाद दिँदै सो कार्यक्रमबाट विद्यार्थीहरुले धेरै कुराहरु सिक्नु पर्ने विचार राख्नुभयो।




# छात्रवृत्ति वितरण

मिति २०७५/३/८ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको विद्यार्थी परामर्श शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा यसै क्याम्पसका संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा गरिव तथा जेहन्दार विद्यार्थीहरुको लागि छात्रावृत्ति वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ । गरिव जेहन्दार तथा सिमान्तकृत विद्यार्थीहरु आर्थिक अभावको कारणले पढ्ने अवसरबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गत वर्षहरु जस्तै यस वर्ष पनि उक्त कार्यक्रमको आयोजना गरिएको थियो। सो कार्यक्रममा सुनवल नगरपालिकाका नगर प्रमुख भिमबहादुर थापा प्रमुख अतिथि रहनुभएको थियो भने विशिष्ट अतिथिमा क्याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल रहनु भएको थियो । क्याम्पस संचालक समितिका अन्य पदाधिकारी, सल्लाहकार समितिका पदाधिकारी, समाजसेवी, अभिभावक, प्राध्यापक, कर्मचारी साथै विद्यार्थी गरि २०० जनाको सहभागीता रहेको थियो।

क्याम्पसले आफ्नै स्रोतबाट प्रदान गर्ने जेहेन्दार विद्यार्थीहरुको लागि रु.७०,८०० बरावरको रकम विभिन्न सङ्कायमा अध्ययन गर्ने १५ विद्यार्थीहरुले प्राप्त गरेका थिए भने सिमान्तकृत विद्यार्थीहरुको लागि प्रदान गरिने रु. ५८,२०० बरावरको रकम क्याम्पसका विभिन्न सङ्कायमा अध्ययन गर्ने २० जना विद्यार्थीहरुले प्राप्त गरेका थिए। खेलकुद छात्रवृत्ति अन्तर्गत २ जनाले रु. ६००० प्राप्त गरेका थिए । विश्वविद्यालय अनुदान आयोगबाट वार्षिक १८०००का दरले वितरण गरिने छात्रवृत्तिको लागि छनौट भएका २४ जना विद्यार्थीहरुलाई टिका तथा पुष्पगुच्छा प्रदान गरी स्वागत गरिएको थियो । पढाई, आर्थिक अवस्था, नियमितता, अनुशासन साथै दलित जनजाति जस्ता कुराहरुलाई मूल्याङ्कनका आधार बनाईएको जानकारी विद्यार्थी परामर्श शाखाका संयोजक सूर्यप्रसाद ढकालले दिनुभयो । शुभकामना मन्तव्य प्रस्तुत गर्दै विशिष्ट अतिथि पौडेलले QAA प्राप्त गरिसकेको यस क्याम्पसलाई अझै अगाडि बढाउन सबैको साथ र सहयोगको आवश्यकता रहेको बताउँदै सम्पूर्ण छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी भाईबहिनीहरुलाई शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा शुभकामना मन्तव्य प्रस्तुत गर्दै सुनवल नगरपालीकाका नगरप्रमुख भिमबहादुर थापाले वर्तमान समयमा प्रतिष्पर्धा धेरै रहेको हुनाले आफूलाई जसले निखार्न सक्छ त्यसैले मात्र सफलता प्राप्त गर्न सक्छ भन्दै अनुशासित बन्न आग्रह गर्नुभयो । सो कार्यक्रममा रु २५०००/- क्याम्पसलाई सहयोग गरेर आजीवन सदस्य बन्नु भएका क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल र सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी.लाई नगर प्रमुख भिमबहादुर थापाले प्रमाण पत्र प्रदान गर्नुभएको थियो।

समापन मन्तव्यका क्रममा अध्यक्ष लामिछानेले विद्यार्थीहरुले प्राप्त गरेको छात्रवृत्ति रकम पढाईमा नै खर्चहोस् भन्दै उक्त रकमले विद्यार्थीहरुको जीवनमा उत्प्रेरणा थप्ने विचार राख्दै छात्रवृत्तिदाता तथा कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद व्यक्त गर्नुभयो । सो कार्यक्रममा शिक्षक सूर्यप्रसाद ढकालको स्वागत मन्तव्य र हरिदत्त शर्माको संचालन रहेको थियो।

## व्यावहारिक....

शिक्षक हरिदत्त शर्माको संचालन सूर्यप्रसाद ढकालको स्वागत मन्तव्यबाट कार्यक्रम औपचारिकतामा प्रवेश गरेको थियो । क्याम्पसका विभिन्न संकायमा अध्ययन गर्ने ५० बढी विद्यार्थीहरुको सहभागिता रहेको सो कार्यशालामा प्रशिक्षक पदम पाण्डेले व्यवहारिक लेखन अर्न्तगतका चिठी लेखन र प्रतिवेदन लेखन सिकाउनु भएको थियो। पढाईको अतिरिक्त विद्यार्थीहरुलाई व्यावहारिक कुरा सिकाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको विद्यार्थी परामर्श शाखाका संयोजक सूर्यप्रसाद ढकालले जानकारी दिनुभयो । आफ्ना अनुभव मन्तव्य प्रस्तुत गर्दै सहभागी मध्येबाट बी.एड. दोस्रो वर्षमा अध्ययनरत छात्रा नविना श्रेष्ठले प्रस्तुत कार्यशालाले आफूले प्राप्त गरेको ज्ञानमा पुर्नताजगी थपेको विचार व्यक्त गरिन् । अर्का सहभागी विद्यार्थी अन्जना नाउले यस्ता कार्यक्रमहरु समय-समयमा गर्नु पर्ने जनाउँदै आजको कार्यशाल निकै उपलब्धिपूर्ण भएको विचार व्यक्त गर्नुभयो । कार्यक्रम समापनको अवसरमा बोल्दै प्रशिक्षक पदम पाण्डेले विद्यार्थीहरुको उत्सुकताका कारण कार्यशाल निकै रोचक भएको विचार व्यक्त गर्नुभयो । कार्यक्रम समापन मन्तव्य गर्दै सभाध्यक्ष बाबुराम बस्नेतले सहभागी विद्यार्थी तथा प्रशिक्षकलाई धन्यबाद दिँदै आगामी दिनहरुमा पनि यस्तै सहभागिता होस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो।

# वृक्षारोपण कार्यक्रम

मिति २०७५/०३/४ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको युवा रेडक्रस सर्कलको आयोजनामा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । सर्कलका अध्यक्ष कमल खरेलको अध्यक्षता तथा सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष वीरबहादुर गुरुङको प्रमुख अतिथ्यता साथै क्याम्पस संचालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेको विशेष आतिथ्यतामा कार्यक्रम संचालन भएको थियो । दुर्गा पौडेलको संचालन र सन्देश कोईरालाको स्वागत मन्तव्य रहेको सो वृक्षारोपण कार्यक्रमको मूल नारा वृक्षारोपण गरौं वातावरण स्वच्छ बनाऔं भन्ने रहेको थियो । उक्त वृक्षारोपण कार्यक्रममा फूल प्रजातिका करिब २०० बिरुवा रोपिएको थियो । वृक्षारोपण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गुरुङ्गले विद्यार्थीमा रहेको वातावरण प्रतिको सचेतता र क्याम्पस प्रतिको मायाको सम्मान गर्नुभयो । साथै सुनवल नगरपालिकाले बनाएको एक घर एक करेसाबारी एक संस्था एक बगैंचाको योजनामा पनि टेवा पुग्ने विचार व्यक्त गर्नुभयो। विशेष अतिथि लामिछानेले रुख विरुवा रोप्नु नै भविष्य स्वास्थ्य राख्नु हो भन्ने विचार व्यक्त गर्नुभयो कार्यक्रम समापन गर्दै सभाध्यक्ष खरेलले सम्पूर्ण महानुभावलाई धन्यवाद दिँदै सर्कलले आगामी दिनमा यस्ता सकारात्मक र रचनात्मक काम गरिरहने विचार राख्नु भयो।